चिचिला गाउँपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ९ सङ्ख्याः १ मितिः २०८२/०९/११

भाग२ -

चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि,२०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०८/२९

प्रमाणीकरण मितिः २०८२/०९/११

प्रकाशन मितिः २०८२/०९/११

चिचिला गाउँपालिका

**<u>प्रस्तावनाः</u>** चिचिला गाउँपालिका भित्र उत्पादन भइरहेका तथा उत्पादनको सम्भावना बोकेका कृषि उपजहरूको विशिष्टीकरण, उत्पादन तथा प्रवर्द्धन गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वय र सहकार्य तथा कृषकहरूको लागत साझेदारीमा यस गाउँपालिकामा उपलब्ध बाँझो जमिनको अधिकतम उपयोग, कृषि भूमिको चक्लाबन्दी गरी कृषि उपजहरूको विशिष्टीकृत उत्पादन क्षेत्र निर्माण र विस्तार तथा उत्पादित कृषि उपजहरूको सरल र सहज बजारीकरण गर्दै चिचिला गाउँपालिकाको आर्थिक विकासमा कृषि क्षेत्रको योगदान बढाउने उद्देश्यका साथ चिचिला गाउँपालिकाको गाउँसभाबाट पारित कार्यक्रम एकीकृत कृषि फर्म सञ्चालन र सिचाँई कार्यक्रम अन्तर्गत एकीकृत कृषि फर्म व्यवस्थित, सरलीकृत र पद्दतिसंगत ढंगले सञ्चालन गर्नको लागि यो कार्यविधि बनाउन वाञ्छित भएकाले यो कार्यविधि चिचिला गाउँपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम " एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “गाउँसभा” भन्नाले चिचिला गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले चिचिला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ग) “अध्यक्ष” भन्नाले चिचिला गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ ।

(घ) “उपाध्यक्ष” भन्नाले भन्नाले चिचिला गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत ”भन्नाले चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(च) “वडा अध्यक्ष ”भन्नाले चिचिला गाउँपालिका अन्तर्गतका वडा अध्यक्षहरू सम्झनुपर्दछ ।

(छ) “गाउँपलिका” भन्नाले चिचिला गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ज) “प्रस्ताव” भन्नाले गाउँपलिकाले तयार गरेको अनुसूची -३ बमोजिमको व्यवसायिक कार्ययोजना सम्झनुपर्दछ ।

(झ) “आर्थिक प्रशासन शाखा प्रमुख” भन्नाले चिचिला गाउँपालिकाको आर्थिक प्रशासन शाखा हेर्ने शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

(ञ) “कृषि विकास शाखा प्रमुख” भन्नाले चिचिला गाउँपालिकाको कृषि विकास शाखा हेर्ने शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

(ट) “कृषि प्राविधिक” भन्नाले चिचिला गाउँपालिकाको कृषि शाखामा कार्यरत प्राविधिकहरूलाई सम्झनुपर्दछ ।

(ठ) "कृषि औजार" भन्नाले कृषि कार्यमा प्रयोग हुने साना औजारहरूलाई सम्झनुपर्दछ ।

(ड) "कार्यालय" भन्नाले चिचिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ढ) "अनुदानग्राही "भन्नाले एकीकृत कृषि फर्म सञ्चालन, विकास तथा विस्तारका लागि प्राविधिक र आर्थिक सहयोग अनुदान पाउनका लागि छनौट भएका आवेदकलाई सम्झनु पर्दछ ।

(ण) "आवेदक" भन्नाले एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत एकीकृत कृषि फर्म विकास तथा विस्तारका लागि प्राविधिक सहयोग र आर्थिक अनुदान लिन कार्यालयमा आवेदन दिएका कृषक, कृषक समूह, कृषि सहकारी, टोल विकास संस्था र व्यावसायिक कृषि फर्मलाई सम्झनु पर्दछ ।

(त) "एकीकृत कृषि फर्म" भन्नाले उपलब्ध जनशक्ति, प्राकृतिक श्रोत र उन्नत प्रविधिको दिगो रूपमा प्रयोग गरी सञ्चालनमा आएको वा आउन सक्ने आधुनिक प्रणालीमा आधारित व्यवसायिक र नाफामूलक कृषि फर्मलाई सम्झनु पर्दछ । सो शब्दले कृषिसँग सम्बन्धित फलफूल, तरकारी, मसला बाली (अदुवा, बेसार आदि), पुष्प, औद्योगिक बाली (चिया, कफी, अलैंची आदि) तथा कानून बमोजिम उत्पादन गर्न मिल्ने वनस्पति आदिको कुनै एक वा दुईभन्दा बढी बाली वस्तुको एकीकृत रूपमा चक्लाबन्दी गरी सञ्चालन गरिएको उत्पादनमूलक फर्मलाई समेत सम्झनु पर्दछ ।

(थ) "मूल्याङ्कन समिति" भन्नाले दफा ८ अनुसार गठन भएको समितिलाई सम्झनु पर्छ ।

(द) "रोजगार सेवा केन्द्र" प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चिचिला गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई सम्झनु पर्छ ।

३. **<u>उद्देश्यः</u>** यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) चिचिला गाउँपालिकाका विभिन्न वडाहरूमा उत्पादन भइरहेका र हुन सक्ने बालीहरूको पहिचान गरी व्यावसायिक उत्पादनमा जोड दिने,

(ख) गाउँपालिका भित्र रहेको बाजो जमिनको व्यवस्थापन र उपयोग गर्दै जमिनको चक्लाबन्दी र एकीकृत खेती गरी व्यावसायिक कृषि फर्मका आधारहरूको विकास गर्ने,

(ग) कृषकहरूको कृषि पेशाप्रतिको आकर्षण बढाउँदै कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(घ) आधुनिक कृषि प्रविधिहरूको अवलम्बन गर्दै कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयात न्यूनीकरण तथा निर्यात प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने,

(ङ) बेरोजगार तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि पेशामा आकर्षित गर्ने,

(च) गाउँपालिका भित्र रहेको बेरोजगार जनशक्तिको उपयोग गर्दै दिगो रोजगारीको अवसर सृजना गर्ने,

(छ) कषि क्षेत्रको विकास गर्दै कृषकहरूलाई आत्मनिर्भरतातर्फ उन्मुख गराउने,

(ज) जंगली जनावरबाट परम्परागत खेतीमा हुने जोखिमलाई न्यूनीकरण गर्ने गरी वैकल्पिक खेती प्रणालीको विकास गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालनः** (१) एकीकृत कृषि फर्म सञ्चालन कार्यक्रम चिचिला गाउँपालिकाभर लागू हुनेछ।

(३) यस कार्यक्रममा समावेश हुन चाहने कृषक, कृषक समूह/कृषि सहकारी/कृषि फर्म/ टोल विकास संस्थाले खेती गर्नको लागि आवश्यक पर्ने न्यूनतम २५ रोपनी जग्गाको व्यवस्था आफैंले गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा फलफूल, मसला बाली, औद्योगिक बाली खेती गर्न चाहनेलाई आवेदकहरूलाई प्राथमिकतामा राखिनेछ । बढि भन्दा बढि क्षेत्रफलमा चक्लाबन्दि खेति गर्न चाहाने कृषकलाई बढि प्रथामिकता दिईने छ ।

(४) गाउँपालिका अन्तर्गत कृषि विकास शाखा मार्फत कृषि बाली उत्पादनका लागि आवश्यक बिरुवा खरिद र ढुवानी, र सिचाँई कार्यक्रमको लागि प्राविधिक मूल्याङ्कनको आधारमा लागत साझेदारी हुनेछ । कृषकले प्राविधिक मापदण्ड अनुसार झाडि फड्ने, खाडल खन्ने, मल, मलखाद, लगायतका आवश्यक काम आफैं व्यवस्थापन गर्नुपर्नेछ ।

(५) अघिल्लो वर्षमा कार्यक्रम सञ्चालन गरेका संस्थाहरुले क्षेत्र विस्तार गर्न चाहेमा त्यसको हकमा न्युनतम आवस्यक भन्दा कम जग्गा भएपनि क्षेत्र विस्तार गर्न सकिनेछ।

(६) अघिल्लो वर्षमा कार्यक्रम सञ्चालन गरेका संस्थाहरुको विरुवा मरेमा पुर्न रोपनको लागी प्राविधिक अनुगमनको अधारमा विरुवा खरिद तथा ढुवानीको लागि कृषकको लागत साझेदारीमा अनुदान सहयोग गरिनेछ ।

(६) आवस्यकता अनुसार अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु संग सहकार्य गरिनेछ ।

५. **आवेदक हुन योग्य हुनेः** (१) एकीकृत कृषि फर्म सञ्चालन कार्यक्रमका लागि चिचिला गाउँपालिका भित्रका कृषक, कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/टोल विकास संस्था तथा सामुदायिक वन उपभोक्ता समूहहरू आवेदक हुन योग्य हुनेछन् ।

(२) चिचिला गाउँपालिका भित्रका आवेदकहरूलाई पहिलो प्राथमिकता दिइनेछ । तर चिचिला गाउँपालिका भित्रका आवेदकहरूबाट आवेदन नपरेको खण्डमा चिचिला गाउँपालिका बाहिरका आवेदकका लागि गाउँपालिकाले तोकेको शर्त र नियम अनुसार स्थानीय व्यक्तिहरूलाई नै रोजगारी दिने र गाउँपालिका भित्रै फर्म सञ्चालन गर्ने गरी आवेदन छनौट गर्न सक्नेछ ।

६. **प्रस्ताव माग गर्नेः** (१) एकीकृत कृषि फर्म विकास तथा विस्तार र सिचाँई कार्यक्रमका लागि न्यूनतम २५ रोपनी जग्गा भएका संस्थाहरु बाट गाउँपालिकाले ३० (तीस) दिने म्याद दिई प्रस्ताव आह्वान गरी अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ

। उक्त सूचना गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(२) दफा १ बमोजिम आवेदकले अनसूची-२ बमोजिम निवेदनको साथ देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ ।

(क) निवेदनको साथ संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वार्षिक लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

(ख) कृषक, कृषक समूह, कृषि सहकारी, टोल विकास संस्था तथा सामुदायिक वन उपभोक्ता समूहहरूको हकमा कार्य समितिको बैठकले कार्यक्रम सञ्चालनका लागि अनुदान सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,

(ग) आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव,

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ङ) आवेदकको स्वामित्वमा एकीकृत कृषि फर्म सञ्चालनका लागि तोकिए बमोजिमको तीनवटासम्म क्लस्टरमा चक्लाबन्दी वा एकीकरण भएको पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्षका लागि लिजमा लिएको खुल्ने कागजको प्रति, दर्ता खाली जग्गाको हकमा सम्बन्धित वडा कार्यालयले सो जग्गाको अभिलेखीकरण गरेको प्रमाणको आधारमा सिफारिस गर्न सक्नेछ ।

(च) दुई वा दुईभन्दा बढी संस्थाहरू आपसमा मिली संयुक्त रूपमा प्रस्ताव तयार गरी आवेदन दिएमा नेतृत्व गर्ने संस्था खुल्ने गरी संस्थाहरू बीचको संयुक्त सहकार्यको सहमति (Joint Venture Agreement) पत्र समेत पेश गर्नु पर्नेछ ।

(छ) दुई वा सोभन्दा बढी व्यक्तिहरू आपसमा मिली प्रस्ताव हालेको खण्डमा सो सम्बन्धी सहमति/प्रतिबद्धता पत्र,

(ज) प्रस्तावित परियोजना स्थलको फोटो, जग्गाको नक्सा, जग्गाधनी प्रमाण पुर्जा, जग्गाको क्षेत्रफल यकिन गरिएको कागज र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही सहयोगी कागजात भए सो समेत,

(झ) अनुसूची-४ प्रतिबद्धता पत्र,

(ञ) प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट यसै आ. व. मा सोही कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्नेछ ।

७. **<u>प्रस्ताव दर्ता एवम् संकलनः</u>** आवेदकले अनुसूची-२ अनुसारको निवेदन र कागजातको साथ अनुसूची-३ बमोजिमको प्रस्ताव गाउँपालिकाको कृषि विकास शाखामा तोकिएको समय अवधि भित्रै दर्ता गरीसक्नु

पर्नेछ । यसरी दर्ता भएका प्रस्तावहरू गाउँपालिकाको कृषि विकास शाखाले संकलन गरी राख्नु पर्नेछ ।

८. **मूल्याङ्कन समितिः** (१) प्रस्ताव मूल्याङ्कन गरी अनुदानग्राही छनौटको गर्न देहाय बमोजिमको गाउँपालिकामा प्रस्ताव मूल्याङ्कन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - संयोजक,

(ख) गाउँपालिका उपाध्यक्ष- सहसंयोजक,

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य,

(घ) आर्थिक विकास समिति संयोजक- सदस्य,

(ङ) सम्बन्धित वडाको वडाअध्यक्ष- सदस्य,

(च) योजना शाखा प्रमुख- सदस्य

(छ) कृषि विकास शाखा प्रमुख- सदस्य-सचिव ।

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा तीन (३) जना सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन समितिले आवश्यकता परेमा मूल्याङ्कन तथा अन्य मापदण्डहरू तयार गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

(ख) प्राप्त प्रस्तावहरूको अध्ययन तथा स्थलगत निरीक्षण गरी न्यूनतम ५० अङ्क वा सो भन्दा बढी प्राप्त गरेका आवेदकहरू मध्येबाट स्वीकृत वार्षिक कार्यक्रम र लक्ष्य अनुसार मुख्य र वैकल्पिक उम्मेद्वार छनौट गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकामा पेश गर्ने,

(ग) सञ्चालित कार्यको अनुगमन गरी कार्यान्वयनको सम्बन्धमा मार्गदर्शन दिने र प्राविधिक सेवा समेत दिने,

(घ) अनुदान रकमको सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारबाहीको लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने ।

९. **सम्झौताः** (१) छनौट भएका आवेदकहरूको संक्षिप्त विवरण सहितको सूची सात दिनको हद म्याद दिई दाबी विरोधको लागि सूचना प्रकाशन गरिनेछ। दाबी विरोधको निरुपण सात दिनभित्र गरीसक्नु पर्नेछ ।

(२) दफा ५ बमोजिमको सूचना उपर कुनै दाबी विरोधको उजुरी नपरेमा छनौट भएका अनुदानग्राहीहरूसँग अनुसूची-५ बमोजिम सम्झौता गर्न ७(सात) दिनको समय दिई पत्राचार गरिने छ ।

(३) उपदफा (२) बमोजिम ७(सात) दिनभित्र सम्झौता गर्न नआएमा निज आवेदकहरूको प्रस्ताव खारेज गरी गाउँपालिकाले निकटतम वैकल्पिक आवेदकलाई अनुसूची-५ बमोजिम सम्झौता गर्न ७(सात) दिनको समय दिई पत्राचार गर्नेछ ।

१०. **<u>मूल्याङ्कनको आधार:</u>** (१) अनुसूची-६ अनुसार मापदण्ड पुगेको खण्डमा मात्र देहाय बमोजिमका आधारहरूमा मूल्याङ्कन गरी सिफारिस गर्नुपर्नेछ तर मापदण्ड नपुगेका आवेदकहरूलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

| क.सं. | मूल्याङ्कनका आधारहरू | अङ्क | कैफियत |
|---|---|---|---|
| (क) | जमिनको उपयुक्तता<br>१) उपयुक्त उत्पादन क्षेत्र<br>२) सम्भावना भएको उत्पादन क्षेत्र<br>३) सम्भावना कम भएको उत्पादन क्षेत्र | (१०)<br>१०<br>९<br>८ | कृषि विकास शाखाले निर्धारण गर्ने । |
| (ख) | जमिनको पर्याप्तता<br>१) आवेदककै नाममा जमिन भएको<br>२) सञ्चालक सदस्य/शेयरहोल्डरको नाममा जमिन भएको<br>३) लिजमा जमिन लिएको | (२५)<br>२५<br>२४<br>२० | आवेदकले प्रस्ट खुल्ने कागज पेश गर्ने |
| (ग) | पूर्वाधारको उपलब्धता (सडक, सिंचाई, विद्युत, बजार आदि)<br>१) सम्पूर्ण पूर्वाधारको सुविधा भएको<br>२) पूर्वाधारको सुविधा मध्यम किसिमको भएको<br>३) पूर्वाधारको सुविधा अभाव रहेको | (२०)<br>२०<br>१८<br>१६ | कृषि विकास शाखाले निर्धारण गर्ने |
| (घ) | सम्बन्धित आवेदक सदस्य/शेयरधनीहरूको कृषि सम्बन्धी तालिम लिएको/ज्ञान लिएको<br>१) लिएको भए<br>२) नलिएको भए | (१५)<br>१५<br>१३ | आवेदकले प्रमाण पेश गर्ने |
| (ङ) | सिंचाई र मलको उपलब्धताको अवस्था<br>१) भएको<br>२) नभएको | (१०)<br>१०<br>८ | कृषि विकास शाखाले निर्धारण गर्ने । |
| (च) | प्रस्तावित आयोजनाको समग्र गुणस्तरः प्राथमिकता प्राप्त बाली, कार्यान्वयन प्रक्रिया, स्थानीय तहको भूमिका, अन्य संघ संस्थासँगको सहकार्य, बजारीकरणको | (२०) | प्रस्तावमा उल्लेख गर्नुपर्ने |

शिरिजा गाउँपालिका

| | | | |
|---|---|---|---|
| | व्यवस्था, दिगोपना, वातावरणीय प्रभाव र अन्य) | | |
| (छ) | जम्मा | १०० | |
| | पुनश्चः मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क वा सोभन्दा बढी अङ्क प्राप्त गरेका आवेदकहरूलाई मात्र छनौटको लागि सिफारिस गर्नुपर्नेछ । वार्षिक कार्यक्रम र बजेट भन्दा बढी छनौट भएमा बढी अङ्क प्राप्त गर्नेलाई सिफारिस गर्नुपर्नेछ । साथै समान अङ्क प्राप्त गरेमा लागत सहभागिता रकम बढी प्रस्ताव गरेकोलाई प्राथमिकता दिइनेछ । | | |

## परिच्छेद-४
## साझेदारी र अनुदान प्रवाह

११. **लागत इष्टिमेट र सम्झौताः** (१) छनौट भएका प्रस्तावदाताहरूले पेश गरेको कार्य योजनाको आधार र एकीकृत कृषि फर्म र सिचाँई कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम क्रियाकलापहरू समेटिने गरी लागत इष्टिमेट तयार गरी सम्झौतामा उल्लेख गरिनेछ ।

(२) लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अङ्कको बढीमा २.५% रकम कन्टिन्जेन्सीको रूपमा राखिने छ ।

(३) स्वीकृत लागत इष्टिमेटको आधारमा कार्यालय र अनुदानग्राही बीच अनुसूची-५ बमोजिमको सम्झौता गरिने छ ।

१२. **कार्यक्रम कार्यान्वयन र भुक्तानी प्रक्रियाः** (१) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ । यस कार्यविधि अन्तरगत एकीकृत कृषि फर्म सञ्चालन र सिचाँई कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) यस कार्यक्रम अनुसारका सम्पूर्ण क्रियाकलापहरू सम्झौता भएको मितिले सोही आर्थिक वर्ष भित्रमा सम्पन्न गरी सक्नुपर्नेछ । अन्य शर्तहरू सम्झौता बमोजिम हुनेछ ।

(३) एकीकृत कृषि फर्म सञ्चालन कार्यक्रमको लागि गाउँपालिकाबाट प्राविधिक सेवा प्रदान

गरिनेछ । अनुदानग्राहीलाई गाउँपालिकाले बिरुवा खरिद ढुवानी, पाईप खरिद, सिचाँई मुहान सुधार लागि ७५% अनुदान उपलब्ध गराउनेछ र सो बाहेक अन्य अनुदान दिन आवश्यक ठानेमा कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(३) एकीकृत कृषि फर्म सञ्चालनको लागि अनुसूची-६ बमोजिम आवश्यक पर्ने जग्गा बढीमा तीनवटा क्लस्टरमा चक्लाबन्दी/एकीकरण गर्ने दायित्व सम्बन्धित आवेदकको हुनेछ र उक्त कार्य अनुसूची-२ बमोजिमको निवेदन दिनु पूर्व नै सम्पन्न गरिसकेको हुनुपर्नेछ ।

(४) गाउँपालिकाले अनुदानग्राहीलाई कृषि फर्म स्थापनाका लागि फलफूल, तरकारी, मसला बाली (अदुवा, बेसार आदि), पुष्प, औद्योगिक बाली (चिया, कफी, अलैंची आदि), नगदे बाली (दाल, तेल आदि) तथा कानून बमोजिम उत्पादन गर्न मिल्ने वनस्पतिको बिरुवा र कृषि सम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(५) अनुदानग्राहीले व्यहोर्नु पर्ने रकम/श्रोत अन्य कुनै संघ संस्थाबाट आंशिक वा पुरै व्यवस्था गर्न सक्नेछ ।

(६) कार्यक्रम अन्तर्गत सञ्चालन हुने कृषि फर्मको सञ्चालन एवम् व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ ।

(७) गाउँपालिकाबाट स्वीकृत एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि बमोजिम अनुदानग्राहीले कम्तीमा ५(पाँच) वर्षसम्म अविछिन्न रूपमा प्रस्ताव एवम् सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(८) कार्यक्रम अन्तर्गत सञ्चालन हुने कृषि व्यवसायको कृषि बीमा गराउनका लागि गाउँपालिकाले सहजीकरण गर्न सक्नेछ ।

## परिच्छेद-५

## अनुगमन तथा मूल्याङ्कन

१३. **अनुगमन तथा मूल्याङ्कनः** (१) गाउँपालिका र कृषि विकास शाखाले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । कार्यक्रम अनुगमनको लागि तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

गाउँपालिका उपाध्यक्ष - संयोजक,

प्रमुख प्रशासकीय अधिकृत - सदस्य,

आर्थिक विकास समिति संयोजक- सदस्य,

सम्बन्धित वडाको वडाअध्यक्ष- सदस्य,

कृषि विकास शाखा प्रमुख- सदस्य,

सम्बन्धीत वडाको वडा कृषि प्राविधिक- सदस्य-सचिव ।

(२) अनुदानग्राहीले अनुसूची-७ बमोजिमको ढाँचामा चौमासिक रूपमा प्रगति प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । अनुगमनको क्रममा सन्तोषजनक काम नगरेको पाइएमा कार्यालयले

अनुदानग्राहीले कार्यालयबाट प्राप्त गर्ने सेवा सुविधा रोक्का गर्न सक्नेछ । सरकारी हानी नोक्सानी भएकोमा अवस्था हेरी असुल उपर समेत गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(५) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई गाउँपालिकाले जुनसुकै बखत कारबाही गर्न सक्नेछ । यस कार्यविधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

## परिच्छेद-६

## उत्पादित वस्तुको बजारीकरण

१४. एकीकृत कृषि फर्मबाट उत्पादित उपजहरूको मूल्य निर्धारण, खरिद, भण्डारण, प्रशोधन र बजारीकरणको व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ । मूल्य निर्धारण, खरिद, भण्डारण, प्रशोधन र बजारीकरणका सम्बन्धमा आवश्यक व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद-७

## विविध

१५. **कारबाहीको व्यवस्थाः** (१) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई अनुदान रोक्का गर्नेछ ।

(२) अनुदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

१६. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरू प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

१८. **खारेजी वचावटः** १) "एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि, २०८१" खारेजी भएको छ ।

२) आ व. २०८१ मा "एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि, २०८१" बाट सञ्चलित कार्यक्रमहरु अब यस कार्यबिधि बाट सञ्चालन हुनेछन् ।

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

एकीकृत कृषि फर्म र सिचाँई कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः ......./...../.....

चिचिला गाउँपालिकाद्वारा आ.व....../... को वार्षिक स्वीकृत कार्यक्रममा एकीकृत कृषि फर्म विकास तथा विस्तार र सिचाँई कार्यक्रम सञ्चालनका लागि न्यूनतम २५ रोपनी जग्गा भएका ईच्छुक कृषक समूह, कृषि सहकारी, टोल विकास संस्था र कृषि फर्मले तल उल्लेखित आवस्यक कागजातहरू सहित चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयमा सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र आवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवस्यक कागजातहरु

१. अनुसूचि-२ वमोजिमको निवेदनको साथमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. निवेदनको साथ संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिपिलि,
३. कृषक समूह, कृषि सहकारी र टोल विकास संस्थाहरूको हकमा संस्थाको कार्यसमितिको बैठकले एकीकृत कृषि फर्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,
४. आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस,
६. संस्थाको स्वामित्वमा एकीकृत कृषि फर्म स्थापनाको लागि तोकिए बमोजिमको तीन वटासम्म क्लस्टरमा चक्लाबन्दी वा एकीकरण भएको पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्ष लिजमा लिएको खुल्ने कागजको प्रति,
७. नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ,
८. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही सहयोगी कागजात भए सो समेत,
९. अनुसूची-४ अनुसारको प्रतिबद्धता पत्र,

१०. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट यसै आ. व. मा सोही कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्नेछ ।

पुनश्चः एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि, २०८२ चिचिला गाउँपालिकाको वेबसाईटः www.chichilamun.gov.np बाट download गर्न सकिनेछ ।

चिचिला गाउँपालिका

अनुसूची-२
(दफा ६ सँग सम्बन्धित)
एकीकृत कृषि फर्म सञ्चालनको लागि आवेदकले पेश गर्ने निवेदन

मितिः ..../.../....

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
चिचिला गाउँपालिका, सङ्खुवासभा ।

विषयः एकीकृत कृषि फर्म र सिचाई कार्यकर्म सञ्चालनको को लागि अनुदान सहयोग सम्बन्धमा।

प्रस्तुत विषयमा चिचिला गाउँपालिकाबाट मिति ........ मा प्रकाशित सूचना अनुसार एकीकृत कृषि फर्म र सिचाँई कार्यक्रम सञ्चालनका लागि यसै साथ संलग्न प्रस्तावमा उल्लेख भए अनुसार कृषि फर्म स्थापनाका लागि जम्मा रु.......................... को योजना तयार गरी अन्य आवश्यक कागजात सहित नियमानुसार अनुदान सहयोगको लागि यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ । साथै, तपसिल अनुसारका कागजातहरू यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरूः

१. अनुसूचि-२ वमोजिमको निवेदनको साथमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. निवेदनको साथ संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. कृषक समूह, कृषि सहकारी र टोल विकास संस्थाहरूको हकमा संस्थाको कार्यसमितिको बैठकले एकीकृत कृषि फर्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि,
४. आवेदकले आफूले सञ्चालन गर्ने कृषि व्यवसायको अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस,
६. संस्थाको स्वामित्वमा एकीकृत कृषि फर्म स्थापनाको लागि तोकिए बमोजिमको तीन वटासम्म क्लस्टरमा चक्लाबन्दी वा एकीकरण भएको पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्ष लिजमा लिएको खुल्ने कागजको प्रति,
७. नयाँ संस्था भएको खण्डमा सूचना प्रकाशन हुनु अगावै सम्बन्धित निकायमा दर्ता भई सम्पूर्ण कागजात प्राप्त भैसकेको हुनुपर्नेछ,
८. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही सहयोगी कागजात भए सो समेत,
९. अनुसूची-४ अनुसारको प्रतिबद्धता पत्र,

१०. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट यसै आ. व. मा सोही कामको लागि सहयोग लिए/नलिएको स्वघोषणा पेश गर्नु पर्नेछ ।

<u>निवेदकको:</u>

हस्ताक्षरः

नामः

संस्थाको नामः

ठेगानाः

मोबाईल नं.

छापः

चिचिला गाउँपालिका

## अनुसूची-३

(दफा ६ सँग सम्बन्धित)

## एकीकृत कृषि फर्म र सिँचाई कार्यक्रम सञ्चालनको को लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको ढाँचा

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदकको नामः | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नामः | |
| मोबाईल नम्बरः | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| जम्मा जग्गाको क्षेत्रफल (रोपनी) | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्योहोर्ने खर्च समेत समावेश गर्ने) | |
| गाउँपालिका वा अन्तर्गत कुनै काम भइरहेको भए कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ खुलाउनुहोस् । | |

२. कृषि व्यवसायको हालको अवस्थाः (नयाँ व्यवसायीको हकमा यो तालिका भर्नु पर्ने छैन)
तालिका ................................................ को हालको व्यवसायको अवस्था

| क्र.सं. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कूल अनुमानित आम्दानी रु. | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | | | | |

३. प्रस्तावनाको औचित्यः

४. अपेक्षित उपलब्धिहरू र वार्षिक उत्पादन विवरणः

(क) प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरू तपलिस बमोजिमको हुनेछः

- ✓ जग्गाको क्षेत्रफल (आफ्नो/परिवारको/सदस्यको/सञ्चालकको/शेयर धनीको नाममा रहेको ...................... रोपनी भाडामा लिएको ........... रोपनी, जम्मा ............... रोपनी)
- ✓ वार्षिक उत्पादन (के.जी.)
- ✓ वार्षिक जम्मा आम्दानी रु...........
- ✓ रोजगारी सिर्जना (पूर्णकालीन ..............., आंशिक ....................

५. पूर्वाधारको अवस्था (सडक, सिंचाई, विद्युत, बजार आदि)

- ✓ सडकको अवस्थाः............
- ✓ सिचाँईकोप अवस्थाः..................
- ✓ विधुत्तको अवस्थाः..........................
- ✓ बजारको अवस्थाः.........................
- ✓ सम्बन्धित आवेदक सदस्य/शेयरधनीको कृषि सम्बन्धी ज्ञान र तालिमको विवरणः........

६. यस कार्यक्रममा सहभागि हुने कृषकको विवरणः

| क्र. सं. | कृषकको नाम | ठेगाना | सम्पर्क नम्बर | जग्गाको कित्ता नम्बर | जग्गाको क्षेत्रफल (रोपनीमा) | लगाउन चाहेको मुख्य बाली |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

७. परियोजना मुख्य मुख्य क्रियाकलापहरूः

| क्र.सं. | क्रियाकलाप विवरण | इकाई | संख्या / रोपनी |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

आवश्यकता अनुसार महल थप गर्नहोस् ।

नोटः अनुसूची-३ बमोजिमको प्रस्तावको मा उल्लेख भए बमोजिमका विषयवस्तुको साथ आवेदकले आवश्यकता अनुसार अन्य सान्दर्भिक विषयवस्तुहरू थप्न सक्नेछ ।

चिचिला गाउँपालिका

अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

## प्रतिबद्धता पत्र

...................... को मिति ................ को सूचना अनुसार एकीकृत कृषि फर्म विकास तथा विस्तार कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ...... वर्षसम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ...... वर्ष अगावै सो कार्यहरू बन्द गरेमा चिचिला गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानून बमोजिम सहूँला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

अनुदानग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

छापः

| | |
|---|---|
| बायाँ | दायाँ |

चिचिला गाउँपालिका

अनुसूची-५

(दफा ९ सँग सम्बन्धित)

<u>सम्झौता पत्र</u>

श्री चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चिचिला, सङ्खुवासभा (यसपछि पहिलो पक्ष भनिने) र सङ्खुवासभा जिल्ला चिचिला गाउँपालिका वडा नं. ....... को ....... स्थानमा स्थापना भएको श्री ........................... का प्रोपाईटर वा अध्यक्ष (यसपछि दोश्रो पक्ष भनिने) बीच साझेदारी/सहकार्यमा आ.व.२०.../... को स्वीकृत एकीकृत कृषि फर्म सञ्चालन र सिचाँई कार्यक्रम कोशी प्रदेश चिचिला गाउँपालिका वडा नं. ... मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधीनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर लियौं/दियौं ।

<u>तपसिलः</u>

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. दोश्रो पक्षले लागत इष्टिमेट अनुसार .................. व्यवसाय ................ (व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्नेछ । यसरी स्थापना गरिने कृषि फर्मको कूल लागतको बढीमा ..... प्रतिशतले हुन आउने रु............. अक्षरेपी ............. रकम अनुदान स्वरूप पहिलो पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउने छ ।

३. प्रथम पक्षले अनुदान रकमबाट २.५% कन्टिन्जेन्सीको लागि कट्टी गर्नेछ ।

४. सम्झौता भएको मितिले १५(पन्ध्र) दिनभित्र कषि फर्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य सुरु गरिसक्नु पर्नेछ ।

५. दोश्रो पक्षले यही २०८.... साल ........... महिना ... गतेभित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु कार्य सम्पन्नताको आधारमा उक्त अनुदान रकम बढीमा ३ किस्तामा उपलब्ध गराईने छ ।

६. दोश्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरू आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्कापट्टामा कार्यक्रम दिन पाईने छैन ।

७. दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होर्डिङ बोर्ड राख्नु पर्नेछ ।

८. जग्गा सम्बन्धी विवाद उत्पन्न भएमा दोश्रो पक्षले सोको समाधान आफैं स्वयम् गर्नुपर्नेछ ।

९. दोश्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षले लिनेछ ।

१०. यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम लागू हुनेछ ।

चिचिला गाउँपालिका

प्रथम पक्षको तर्फबाट
नाम, थरः
पदः
संस्थाको नाम र छापः चिचिला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ।
मितिः

दोश्रो पक्षको तर्फबाट
नाम, थरः
पदः
संस्थाको नाम र छापः
मितिः

चिचिला गाउँपालिका

अनुसूची-६

(दफा ९ सँग सम्बन्धित)

<u>एकीकृत कृषि फर्म सञ्चालन गर्न सकिने विषय क्षेत्र र न्यूनतम मापदण्ड</u>

(क) फलफूल उत्पादनः कम्तीमा २५ रोपनी जमिनमा विशेष प्रजातिको वा मिश्रित फलफूल कागती, सुन्तला, एभोकाडो, हलुवावेद उत्पादनको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(ख) चिया, अलैंची, कफी, किवी, ओखरः कम्तीमा २५ रोपनी जमिनमा अर्गानिक कफी वा चिया वा किवी वा ओखर वा अलैंची उत्पादन र बजार मूल्य श्रृङ्खलाको आधारमा एवम् दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(ग) बाँसजन्य बिरुवा, सिस्नो, अम्रिसो

(घ) मसला बालीः अदुवा, बेसार ।

(ङ) पुष्प खेतीः

(च) एकीकृत व्यवसायः माथि (क) र (ङ) मा उल्लेखित कुनै २ वा सो भन्दा बढी वस्तुको एकीकृत उत्पादन र बजार मूल्य श्रृङ्खलाको आधार एवम् दिगो व्यवस्थापन सहितको परियोजना हुनु पर्नेछ ।

(छ) एकीकृत कृषि फर्म सञ्चालनका लागि न्यूनतम जग्गा २५ रोपनी हुनुपर्नेछ । सबैभन्दा बढी क्षेत्रफलमा एकीकृत रूपमा खेती गर्ने प्रस्ताव पेश गर्ने आवेदकलाई छनौटमा ग्राह्यता दिइनेछ । गाउँपालिका भित्रका सबै वडाहरूबाट प्रस्ताव आएको खण्डमा समेत जग्गाको क्षेत्रफललाई प्राथमिकता दिएर मूल्याङ्कन गरिनेछ ।

नोटः उपरोक्त आधारमा कार्यहरू गर्दा जैविक तथा प्राङ्गारिक मलको प्रयोगलाई प्राथमिकता दिइनेछ । सोको लागि बजेट प्रस्ताव गर्न सक्नेछ ।

अनुसूची-७
(दफा १२ सँग सम्बन्धित)
<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

कार्यक्रम सञ्चालन अवधिः

| क्र. सं. | कार्यक्रमको नाम | अनुदान रकम | लक्ष्य (इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्धवार्षिक/वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

**प्रमाणीकरण मितिः** २०८२/०९/११

**आज्ञाले,**
**विकाश वि.क.**
**चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ।**

चिचिला गाउँपालिका